नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Visit Nepal 2020 Lifetime Experiences

पत्र संख्याः
च.नं.:

मिति: २०७६/११/२७

# प्रेस विज्ञप्ति

आज मिति २०७६ साल फागुन २७ गते मङ्गलबारका दिन यस मन्त्रालयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री योगेश भट्टराईज्यूसमक्ष जनबादी गणतन्त्र चीनका महामहिम राजदूत H.E.Ms. Hou Yanqi ले शिष्टाचार भेट गर्नुभयो। भेटका अवसरमा माननीय मन्त्रीज्यूले नेपाल र चीनबीच ऐतिहासिक सम्बन्ध रहेको स्मरण गर्दै चीनमा हालैका दिनमा फैलिएको कोरोना भाइरसको महामारी नियन्त्रण र रोकथामका सन्दर्भमा चीनले गरेको प्रभावकारी पहलकदमीको प्रशंसा गर्दै चीनले सामना गरिरहेको संकटबाट परेको समग्र असरप्रति चिन्ता व्यक्त गर्नुभयो। साथै, नेपालमा हालसम्म कोरोना भाइरसको संक्रमण नरहेको जानकारी दिंदै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल लगायत नेपाल प्रवेश गर्ने विन्दुहरुमा प्रभावकारी ढंगले स्वास्थ्य परीक्षण लगायतका सम्पूर्ण सतर्कताका उपायहरु अपनाइएको जानकारी दिनुभयो। नेपाल सरकारले कोरोना भाइरसबाट बढी प्रभावित मूलुकबाट नेपाल आउने पर्यटकका लागि Visa-On-Arrival हाल स्थगित गरेको जानकारी दिंदै आगामी दिनमा समेत थप सचेतता सहितको उच्च सतर्कता र तयारी गरी आम नागरिक एवम् पर्यटकहरुको स्वास्थ्यमा असर पर्न नदिन थप पहल गरिने धारणा माननीय मन्त्रीज्यूबाट व्यक्त भयो।
चीनका महामहिम राजदूतले कोरोना भाइरसको नियन्त्रण र रोकथामका लागि चीनले अवलम्वन गरेका प्रयासहरुको जानकारी गराउँदै सो सन्दर्भमा नेपाललाई आवश्यक सहयोग गर्न चीन तत्पर रहेको वताउनु भयो। चीनिया दूतावासवाट तयार महामारी नियन्त्रण र रोकथामका लागि यात्रा मार्गदर्शन (Travel Guidelines for Epidemic Prevention and Control) वारे जानकारी दिदै महामहिम राजदूतले चीनले अपनाएको सावधानी र सतर्कताका वारेमा समेत अनुभव बाड्नु भयो।

नेपालका राष्ट्रिय गौरवका केही आयोजनाहरुमा चीनिंया निर्माणकर्ता,जनशक्ति र प्रविधिको प्रयोग गरिएको र चीनमा भएको कोरोना भाइरसको प्रभावले निर्माण कार्यमा असर पुग्नसक्ने सम्भावनालाई दृष्टिगत गरी उक्त आयोजनामा कोरोना भाइरसबाट नकारात्मक प्रभाव पर्न नदिन दुवै देशबाट आवश्यक समन्वय र सहयोग रहने वताउँदै माननीय मन्त्रीज्यूले चीनिंया सरकारको सहयोगमा सञ्चालित आयोजनाहरु तोकिएकै समयमा सम्पन्न गर्ने कार्यमा राजदुतको थप सहयोगको अपेक्षा गरेको बताउनु भयो। कोरोना भाइरसको त्रासदिबाट चीन छिट्टै मुक्त हुने अपेक्षा गर्दै चीनले अवलम्वन गरेको पुर्व सतर्कता,उपचार प्रविधि एवं अनुभव नेपालमा समेत प्रयोग हुन सक्ने विचार व्यक्त गर्नु भयो। साथै नेपाल सदैव चीनको हरेक दुख र सुखको साथी रहेको भन्दै दुई देशीय सम्वन्ध आगामी दिनमा अझै प्रगाढ हुने अपेक्षा राख्नु भयो।

उक्त भेटमा यस मन्त्रालयका सचिवज्यू एवम् मन्त्रालयका उच्च पदस्थ पदाधिकारीहरु, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा प्रमुख, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयका महाप्रवन्धक तथा परराष्ट्र मन्त्रालयका प्रतिनिधिको समेत उपस्थिति रहेको थियो।

(रुद्रसिंह तामाङ)
प्रवक्ता एवम् सहसचिव

Website: www.tourism.gov.np|Email: info@tourism.gov.np
फोन नं.-मन्त्री : ०१-४२११८७९, ०१-४२११८७०, ०१-४२११६६९, ४२११६२०, ४२११८४७, ४२११६२४, ४२११९०९
एक्चस्चेञ्ज नं.: ४२११८४६, ४२११८२५, ४२११५९६, ४२११८९८, ४२११७८५
फ्याक्स नं.: प्रशासन-४२११७५८, मन्त्रीज्यूको सचिवालय ४२११९९२